गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की

पोखरा, नेपाल

प.सं.:- २०८३/२०८४

च.नं.:-

सूचना

विषय: सेवा प्रवाह अवरुद्द रहेको सम्बन्धमा।

मितिः- २०८३/०४/११

प्रस्तुत विषयमा यातायात व्यवस्था विभाग, काठमाण्डौ तथा गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, पोखराद्वारा सवारी चालक अनुमतिपत्र सम्बन्धी सञ्चालनमा ल्याउन लागिएको नयाँ प्रणाली https://edlvrs.gandaki.gov.np/ मा विभिन्न प्राविधिक समस्याहरु देखा परी पूर्ण सञ्चालनमा आउन नसकेको हुँदा लाइसेन्स वितरण, पूर्व निर्धारित ट्रायल परीक्षा तथा लाइसेन्स प्रमाणीकरण बाहेक यस कार्यालयबाट प्रवाह हुने सवारीचालक अनुमतिपत्र सम्बन्धी सम्पूर्ण सेवाहरु अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको बेहोरा अनुरोध छ।
यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कार्यालय क्षमाप्रार्थी छ।

(पुनश्चः नयाँ प्रणालीबाट आवेदन फर्म भरी मेडिकल, office approval, payment लगायतका प्रकृयामा रहनुभएका सेवाग्राहीहरु, लाइसेन्स नवीकरण तथा यस अगाडि ट्रायल परीक्षा पास हुनभएका आवेदकको पास राजश्व तथा फेल हुनुभएका आवेदकका लागि रिट्रायलको राजश्व तिर्ने सम्बन्धमा समेत पछि सूचना अनुसार हुने हुँदा सो को लागि पछि कार्यालयबाट जारी हुने सूचना हेरेर मात्र गर्नुहुन र यसका लागि कार्यालय आउनु नपर्ने बेहोरा समेत अनुरोध छ।)

नि. कार्यालय प्रमुख